
# ● जापानमा बसोबास सुरु गर्ने सबै जनाको लागि

यो सानो पुस्तिका, तपाईं जापानमा भाडाको कोठामा बसोबास गर्ने बेलाको लागि मार्गदर्शन पुस्तिका हो।
यो पुस्तिकामा "कोठा खोज्दाखेरि गर्नुपर्ने कुराहरू", "सम्झौता", "बसोबास गर्दाखेरिको नियमहरू", "भाडामा बसेको ठाउँ छोड्दाखेरिको विभिन्न प्रक्रियाहरू", "आपत्कालिन विपद्को लागि तयारी" आदिको बारे लेखिएको छ।
विशेष गरी "रियल स्टेट एजेन्टमा प्रयोग गरिने शब्दहरू" र "बसोबास गर्दाखेरिको नियमहरू" सम्बन्धी केही कुराहरू तपाईंको देशको भन्दा फरक भएको हुनाले, यो मार्गदर्शन पुस्तिका राम्रोसँग पढ्नुहोस् र सही ज्ञान हासिल गरेर कोठा खोज्न सुरु गर्नुहोस्।
तपाईंले सपनाले भरिएको फलदायी दैनिक जीवन बिताउन सक्नुहोस् भनी मनदेखि कामना गर्दछौं।

राष्ट्रिय रियल स्टेट कारोबार महासंघ
राष्ट्रिय रियल स्टेट कारोबार ग्यारेन्टी संघ



## विषय सूची र रेकर्डिङ विवरण


● कोठा खोज्दाखेरि गर्नुपर्ने कुराहरू ..... 2
● बसोबास गर्ने ठाउँ (कोठा) खोज्नु अगाडि (कोठा खोज्ने चेकलिस्ट) ..... 4
❶ रियल स्टेट एजेन्टको पसलमा जाने ..... 5
❷ सम्झौता गर्ने ..... 6
❸ बसोबास सुरु गर्ने ..... 7
❹ बसोबास गर्दाखेरिको नियमहरू ..... 8
❺ सम्झौता समाप्त हुने बेला ..... 11
❻ आपत्कालिन तथा विपद्को बेलाको लागि तयारी ..... 12
● रियल स्टेट एजेन्टमा प्रयोग गरिने शब्दहरूको व्याख्या ..... 15
● अन्य उपयोगी जानकारी आदि ..... 16


नेपाली भाषा

# ● कोठा खोज्दाखेरि गर्नुपर्ने कुराहरू

जापानमा कोठा खोज्दाखेरि धेरै कुराहरू तपाईंको देशमा भन्दा फरक तरिकामा गर्नुपर्ने हुन सक्छ।
सुरुमा, यो पृष्ठमा जापानमा कोठा खोज्नेदेखि, बसोबास सुरु गर्ने र छोड्नेसम्मका प्रक्रियाहरूबारे लेखिएको छ। विस्तृत जानकारीको लागि सम्बन्धित पृष्ठ हेर्नुहोस्।

बसोबास गर्ने ठाउँ (कोठा) खोज्नु अगाडि
कोठा खोज्ने चेकलिस्ट p.4



## ① रियल स्टेट एजेन्टमा जाने

- आफूले कस्तो कोठा चाहेको हो, सर्तहरू विचार गरी, रियल स्टेट एजेन्टमा सल्लाह गरौं
- सर्तहरू भनी, चाहे अनुरूपको कोठा भेट्टाएमा हेर्न जाने p.5

## ② सम्झौता गर्ने

- सम्झौताको तयारी
- सम्झौता गर्ने p.6




## ③ बसोबास सुरु गर्ने

- कोठा भित्रका कुराहरू निश्चय गर्ने
- बिजुली, ग्यास र धाराको लागि आवेदन दिने
- लुगा धुने मेसिन जडान गर्ने आदि p.7




## ④ बसोबास गर्दाखेरिका नियमहरू

- कोठा भाडा र साझा सेवा शुल्कको भुक्तानी
- कोठा प्रयोग गर्दाका नियमहरू
- दैनिक जीवनका नियमहरू आदि p.8

## ⑤ सम्झौता समाप्त हुने बेला

- सम्झौता समाप्त हुने बेला ध्यान दिने कुराहरू
- सुरुमा जस्तो थियो त्यस्तै बनाउने
- बिजुली, ग्यास र धाराको सम्झौता रद्द आदि p.11



नेपाली भाषा

## ⑥ आपत्कालिन तथा विपद्को बेलाको लागि तयारी

- भुकम्प
- आगलागी
- बत्ती जाने, ग्यास चुहावट, पानी चुहावट आदि p.12



रियल स्टेट एजेन्टमा प्रयोग गरिने शब्दहरूको व्याख्या p.15
अन्य उपयोगी जानकारी आदि p.16

# ● बसोबास गर्ने ठाउँ (कोठा) खोज्नु अगाडि

- सुरुमा तलको चेकलिस्ट हेरेर आफूले कस्तो कोठा चाहेको हो, सर्तहरू विचार गरी निर्णय गर्नुहोस्।
- विद्यार्थीले विद्यालयमा सल्लाह गर्दा राम्रो हुन्छ।
- आफूले कस्तो कोठा चाहेको हो विचार गरिसकेपछि, ती सर्तलाई प्राथमिकीकरण गरौं। सबै भन्दा महत्त्वपूर्ण कुरा "कोठा भाडा रकम" हो? कि "स्टेसन बाट कोठासम्मको दूरी" हो? यस बेला निर्णय गरेका कुराहरू कोठा खोज्ने क्रममा ज्यादै महत्त्वपूर्ण हुने हुनाले, राम्रोसँग सोचविचार गरी निर्णय गर्नुहोस्।
- तपाईं जापानी भाषा राम्रोसँग बुझ्न सक्नुहुन्न भने, राम्रोसँग जापानी भाषा बुझ्ने साथी आदिसँग सल्लाह गर्नुहोस्।

## कोठा खोज्ने चेकलिस्ट

| | |
|---|---|
| पेसा | □विद्यार्थी・□कर्मचारी・□आफ्नै व्यवसाय भएको・□अन्य ( ) |
| जापानी भाषामा कुराकानी गर्न सक्नुहुन्छ? | □सक्छु・□सामान्य कुराकानी गर्न सक्छु・□सक्दिनँ<br>□जापानी भाषा बोल्न सक्ने साथी छ |
| जापानी भाषा पढ्न सक्नुहुन्छ? | □सक्छु・□हिरागाना पढ्न सक्छु・□सक्दिनँ |
| ①भाडा कति जति तिर्न चाहनुहुन्छ? | ( )येन ～ ( )येन |
| ②बसोबास सुरु गर्न चाहने मिति | ( )साल ( )महिना ( )तारिख तिर |
| ③कार्यालय/विद्यालयसम्म लाग्ने समय | ( )स्टेसनबाट ( )मिनेट भित्र |
| ④बस्न चाहने क्षेत्र | ( )स्टेसन नजिक・स्टेसनबाट हिँडेर ( )मिनेट भित्र |
| ⑤भवनको प्रकार | □कोन्डोमिनियम (मान्सन, अपार्टमेन्ट आदि)・□अरू घरहरूसँग नजोडिएको एकल निवास |
| ⑥लेआउट (p.5हेर्नुहोस्) | □1R・□1K・□1DK・□1LDK・□2LDK・□3LDK・□अन्य ( ) |
| ⑦कुन तल्ला | □भुइँ तल्ला भए पनि हुन्छ<br>□दोस्रो तल्ला वा सो भन्दा माथि, ( ) तल्लाको कोठा चाहने |
| ⑧बाथटब/सावर | □चाहिन्छ・□चाहिँदैन・□सावर मात्र भएपनि हुन्छ |
| ⑨शौचालय | □पश्चिमी शैली・□जापानी शैलीको भए पनि हुन्छ |
| ⑩एयरकन्डिसन (ए. सी.) | □चाहिन्छ・□चाहिँदैन |
| ⑪पार्किङ | □चाहिन्छ・□ चाहिँदैन |
| ⑫साइकल राख्ने ठाउँ | □चाहिन्छ・□चाहिँदैन |
| ⑬अन्य | पेट (कुकुर, बिरालो आदि) पाल्न □ पाइन्छ・□पाइँदैन<br>वाद्यवादन बजाउन □पाइन्छ・□पाइँदैन |

## महत्त्व अनुसार प्राथमिकीकरण गरी निर्णय गरौं!

| | | | | | |
|---|---|---|---|---|---|
| 1 | | 2 | | 3 | |

# 1 रियल स्टेट एजेन्टको पसलमा जाने

आफूले चाहने कोठाको सर्तहरू विचार गरिसकेपछि, रियल स्टेट एजेन्टमा गई, कोठा खोज्न लगाउनुहोस्। भाषा नबुझ्ने खण्डमा, जापानी भाषा बुझ्ने साथीलाई लिएर गयो भने ढुक्क भइन्छ। कोठा खोज्ने चेकलिस्ट सल्लाह गर्नुहोस्।

आफ्नो चाहना अनुरूपको कोठा भेटाएपछि, रियल स्टेट एजेन्टको मान्छेसँगै कोठा हेर्न जाऔं।

## कोठा हेर्न गएको बेला ध्यान दिनुपर्ने कुराहरू

- लेआउट (किचेनको साइज, कोठा सङ्ख्या आदि)
- वरपरको वातावरण (यातायात सुविधा, सुपरमार्केट, कम्बिनी, अस्पताल नजिक छ कि छैन आदि)
- निर्माण संरचना (काठको फ्रेम, स्टिलको फ्रेम, प्रबलित कन्क्रिट, स्टिल फ्रेम प्रबलित कन्क्रिट आदि)
- घाम (कोठा फर्केको दिशा, घाम पर्ने अवधि आदि)
- भण्डार क्षमता (साइज, प्रयोग गर्न सजिलो छ वा छैन आदि)
- कोठामा भएका सामानहरू (लुगा धुने मेसिन, एयरकन्डिसन, फर्निचर आदि राख्ने ठाउँ छ वा छैन आदि)
- मोबाइल फोनको रिसेप्सन अवस्था (कोठामा मोबाइल फोनको रिसेप्सन छ वा छैन आदि)

## लेआउट नक्सा हेर्ने तरिका


सङ्ख्या: कोठा सङ्ख्या

R: कोठा　D: डाइनिङ　DK: डाइनिङ किचेन

K: किचेन　L: लिभिङ　LDK: लिभिङ डाइनिङ किचेन


### 1R (वान-रुम)

कोठा र किचेनलाई नछुट्याइएको टाइप





### 1K (वान-के)

कोठा र किचेनलाई छुट्याइएको टाइप





### 1DK (वान-डि-के)

कोठा र डाइनिङ किचेनलाई छुट्याइएको टाइप




### 1LDK (वान-यल-डि-के)

कोठा र लिभिङ डाइनिङ किचेनलाई छुट्याइएको टाइप



# 2 सम्झौता गर्ने

रातो धर्को लगाइएको मोटो अक्षर भएको शब्दको अर्थ जान्नको लागि, p.15 "रियल स्टेट एजेन्टमा प्रयोग गरिने शब्दहरूको व्याख्या" हेर्नुहोस्।

## सम्झौताको तयारी


कोठामा बसोबास गर्ने निर्णय गरेपछि, **रियल स्टेट एजेन्ट** मा "बसोबासको लागि आवेदन" बुझाउनुहोस्।
घरधनीले स्वीकृत गरेमा, सम्झौताको लागि तयारी गर्नुपर्छ। सम्झौताको जिम्मेवारी लिएको कर्मचारीलाई आवश्यक कागजातबारे सोधी, सम्झौता गर्ने बेला लिएर जाने कागजातहरू (निवासी प्रमाणपत्र, बसोबास कार्ड (रेसिडेन्स कार्ड), पासपोर्ट, आय प्रमाणपत्र, अध्ययन गरिरहेको प्रमाणित हुने प्रमाणपत्र आदि) तयार गर्नुहोस्। साथै सम्झौता गर्ने बेला, पहिलो महिनाको **कोठा भाडा** र **साझा सेवा शुल्क (व्यवस्थापन शुल्क)**, **डिपोजिट**, **कि-मनी**, रियल स्टेट एजेन्टलाई भुक्तानी गर्ने शुल्क र सम्पत्ति बीमा शुल्क (तल हेर्नुहोस्) आदि आवश्यक हुन्छ। सम्झौता गर्ने बेला कति पैसा आवश्यक हुन्छ भन्ने कुरा पनि सम्झौताको जिम्मेवारी लिएको कर्मचारीलाई सोधी, तयार गर्नुहोस्।
सामान्यतया: कोठा भाडा सम्झौतामा आफ्नो नातेदार वा साथीलाई "**संयुक्त ग्यारेन्टर**" बनाउने गरिन्छ। **संयुक्त ग्यारेन्टर** बनिदिने मान्छे भेटाउन नसकेमा, तपाईं विद्यार्थी भएमा, विद्यालयमा सल्लाह गरौं। तपाईंको विद्यालयले "जापान अन्तर्राष्ट्रिय शैक्षिक सहयोग संघ" (P.16 हेर्नुहोस्) को "विदेशी विद्यार्थीहरूको लागि समग्र आवास बीमा प्रणाली" प्रयोग गरिरहेको भएमा, तपाईंको संयुक्त ग्यारेन्टर बनिदिन सक्छ। साथै अचेल "संयुक्त ग्यारेन्टर" को सट्टामा "**कोठा भाडा ऋण ग्यारेन्टी प्रणाली**" प्रयोग गर्ने क्रम पनि बढिरहेको छ।

**सम्पत्ति बीमाबारे**

कदम कदाचित् आगलागी वा पानी चुहावट जस्ता घटनाहरू घटिहालेको अवस्थाको लागि, कोठा भाडामा लिने अवधिभर सम्पत्ति बीमा गर्नु आवश्यक हुन्छ। आगलागी वा पानी चुहावट जस्ता घटनाहरू घट्यो भने घरधनी र अन्य बसोबास गर्ने व्यक्तिहरूलाई क्षतिपूर्ति तिर्नुपर्ने हुनाले, धेरै पैसा लाग्छ। बीमामा सहभागी भएमा, बीमा रकम लिन सकिन्छ। विभिन्न बीमाहरू हुने हुनाले, बीमामा सहभागी हुनु अगाडि क्षतिपूर्ति विवरणहरू राम्रोसँग निश्चय गरौं।

## सम्झौता गर्ने

सम्झौता गर्ने बेला, रियल स्टेट एजेन्टमा सम्झौताको जिम्मेवारी लिएको कर्मचारीले **महत्त्वपूर्ण विषयहरूको व्याख्या** गर्ने हुनाले, जापानी भाषा बुझ्ने साथी आदिसँग नबुझेको कुरा सोध्ने आदि गरी निश्चय गर्नुहोस्।
सम्झौतापत्र २ प्रति बनाइनेछ। त्यसमा लेखिएका कुराहरू निश्चय गरी, नबुझ्ने कुरा नभएमा सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोस्। स्ट्याम्प (इन्खान) भएको व्यक्तिले सम्झौतापत्रमा छाप लगाउनुहोस्।
साथै बसोबास सुरु गरेपछि समस्या भएको बेला सम्पर्क गर्ने व्यक्ति अर्थात् कोठाको व्यवस्थापनको जिम्मा लिने व्यवस्थापक को हुन्, निश्चय गर्नुहोस्। (त्यो व्यवस्थापक सम्झौताको काम गर्ने रियल स्टेट एजेन्ट नभएर फरक व्यक्ति/कम्पनी पनि हुन सक्छ।)



# 3 बसोबास सुरु गर्ने

## बसोबास सुरु गर्ने बेला कोठा भित्रको अवस्था निश्चय गर्ने

सम्झौता गरेपछि, कोठामा आफ्नो सामान लिएर जानु अगाडि, व्यवस्थापकसँग कोठा भित्रको अवस्था निश्चय गर्नुहोस्। भित्ता र भुइँको क्षति भएमा वा फोहोर भएको ठाउँ र कोठामा भएका सामानहरू आदि ठीकसँग चल्ने अवस्थामा छन् वा छैनन्, निश्चय गर्नु जरुरी हुन्छ।

### ◎ बिजुली, ग्यास र धाराको लागि आवेदन


कुनै कुनै ठाउँमा बसोबास सुरु गर्नु अगाडि आवेदन दिनुपर्ने पनि हुन सक्छ। व्यवस्थापकलाई तपाईं बसोबास गर्ने क्षेत्रको बिद्युत कम्पनी, ग्यास कम्पनी, नगरपालिका अथवा गाउँपालिकाको धारा विभाग आदिको सम्पर्क सोध्नुहोस्।
ग्यास खोल्ने बेला तपाईं त्यस ठाउँमा उपस्थित हुनुपर्छ। अगाडि नै ग्यास कम्पनीमा सम्पर्क गरी, बसोबास सुरु गर्ने दिन ग्यास खोल्न आउन अनुरोध गर्नु राम्रो हुन्छ। त्यसै बेला ग्यास कम्पनीको कर्मचारीलाई ग्यास स्टोभ जस्ता उपकरणहरू जडान गर्न लगायो भने सुरक्षित हुन्छ।

### ◎ दूरसंचारका सुविधाहरू र फोन तथा इन्टरनेट जडान निश्चय गर्ने

दूरसंचारका सुविधाहरू कोठा अनुसार फरक हुने हुनाले, व्यवस्थापकलाई सोधी, निश्चय गर्नुहोस्। फोनको केबुल, अप्टिकल लाइन (हिकारी काइसेन) आदि छ वा छैन, त्यसको प्रकार, फोन कम्पनी आदि अनुसार फोन र इन्टरनेट जडान विधि फरक हुने हुनाले ध्यान दिनुहोस्।


### ◎ लुगा धुने मेसिन जडान

लुगा धुने मेसिन ज्यादै गह्रुङ्गो हुन्छ र मेसिनबाट निस्कने पानी होस (रबरको पाइप) मार्फत ड्रेनेजमा जान्छ। पानी चुहावट आदि भयो भने ठूलो समस्या हुने हुनाले, आफैले होस (रबरको पाइप) जडान गर्ने बेला, धाराबाट पानी आउने ठाउँ र ड्रेनेजमा पानी जाने ठाउँ, दुबै ठीकसँग जडान गर्नुहोस्।
साथै लुगा धुने मेसिनलाई तोकिएको ठाउँमा राखौं।



### ◎ हुलाक सामाग्री

तपाईंको कोठाको ढोकामा वा भवनको मूलद्वारमा हुने आफ्नो हुलाक बक्समा नाम लेखेको कार्ड टाँस्नुहोस्।




### ◎ जुत्ता लगाएर घर/कोठा भित्र पस्न निषेध

कोठाको भित्र पस्ने मूल ढोकामा, जुत्ता फुकालेर भित्र पस्नुहोस्।



### ◎ दैनिक जीवनमा आवश्यक चीजहरू तयार गर्ने

सामान्यतयाः फर्निचर, पर्दा जस्ता चीजहरू तयार गरिएको हुँदैन। दैनिक जीवनमा आवश्यक फर्निचर, घरायसी विद्युतीय उपकरणहरू, सुत्नको लागि चाहिने चीजहरू, किचेनका सामानहरू, बाथरुम र शौचालयका सामानहरू आदि आफैले तयार गरौं।

# 4 बसोबास गर्दाखेरिको नियमहरू

## बसोबास गर्दाखेरि ध्यान दिने कुराहरू

निम्न कुराहरू बसोबास गर्दाखेरि विशेष ध्यान दिनुपर्ने कुराहरू हुन्। सम्झौतापत्रमा लेखिएका कुराहरू निश्चय गरी, नबुझेको कुरा भएमा समस्या पर्नु भन्दा अगाडि नै व्यवस्थापकलाई सोधौं।

### ① कोठा भाडा र साझा सेवा शुल्क (व्यवस्थापन शुल्क) को भुक्तानी

कोठा भाडा र साझा सेवा शुल्क, सम्झौतामा तोकिएको रकम, तोकिएको विधि (निर्दिष्ट बैंकको खातामा ट्रान्सफर गर्ने विधि वा सिधै घरधनी आदिलाई भुक्तानी गर्ने विधि आदि) द्वारा तोकिएको म्याद भित्र भुक्तानी गर्नुहोस्। कोठा भाडा आदिको भुक्तानीमा ढिलाइ भयो भने, व्यवस्थापकद्वारा छिटो भुक्तानी गर्न सूचना दिइन्छ। सम्झौता रद्द गरिन पनि सक्छ।

### ② कोठाको प्रयोग सम्बन्धी नियमहरूको पालना

भाडामा लिएको कोठामा भएका सामानहरू (उपकरणहरू) तोकिएको नियम अनुसार प्रयोग गर्नुपर्छ। ती नियमहरूको पालना नगरीकन प्रयोग गरी, सामानहरू (उपकरणहरू) बिगारेको खण्डमा, त्यसको मर्मत खर्च बेहोर्नुपर्छ। साथै सम्झौता रद्द गरिन पनि सक्छ। सम्झौतापत्र र **बसोबासको लागि जानकारीपत्र** आदिमा लेखिएको नियमहरू निश्चय गर्नुहोस्।

### ③ दैनिक जीवन यापनका नियमहरूको पालना

दैनिक जीवनमा गरिने कुराहरूबाट निस्कने आवाज वा गन्धले छिमेकीहरूलाई अप्ठ्यारो नपार्ने गरी ध्यान दिनुहोस्। साथै फोहोरको वर्गीकरण र फोहोर फाल्नको लागि राख्ने स्थान, साइकल राख्ने ठाउँ आदि सम्बन्धी पनि नियमहरू हुन्छन्। सम्झौतापत्र वा बसोबासको लागि जानकारीपत्र आदिमा लेखिएको नियमहरू निश्चय गरी, वरपरका मान्छेहरूसँग समस्या नहुने गरी ध्यान दिऔं।

- **दैनिक रूपमा गरिने कुराहरूबाट निस्कने आवाजमा ध्यान दिने**

दैनिक रूपमा गरिने कुराहरूबाट निस्कने आवाज समस्याको कारण बन्छ। लगभग राति १० बजेदेखि बिहानको ८ बजेसम्म, विशेष गरी ठूलो आवाज ननिस्कने गरी ध्यान दिऔं।






### ○ फोहोर फाल्नको लागि निकाल्ने तरिका

फोहोर फाल्नको लागि निकाल्ने तरिका तपाईं बसोबास गर्ने क्षेत्र (शहर, वडा, टोल, गाउँ) अनुसार तोकिएको हुन्छ। फोहोरको प्रकार अनुसार सङ्कलन गरिने दिन वा समय र सङ्कलन गरिने तरिका तोकिएको हुने हुनाले, बसोबास सुरु गर्ने बेला अनिवार्य रूपमा निश्चय गर्नुहोस्।

फोहोर फाल्नको लागि निकाल्ने नियमहरू पालना गरेन भने फोहोर सङ्कलन गरिँदैन र यस्तो कुराले प्रायः समस्या सृजना हुन्छ।
















※यी वर्गीकरणको एक उदाहरण मात्र हो।

### ○ किचेन

खाना बनाउने बेला भेन्टिलेसन फ्यान चलाई, कोठामा गन्ध बाँकी नरहने गरी ध्यान दिनुहोस्। विशेष गरी तेल प्रयोग गरी बनाइने खानाहरूबाट सिन्क र भित्तामा तेल लागेर फोहोर हुने हुनाले ध्यान दिनुहोस्।

तेल वा खाना बनाउँदा निस्कने काँचो फोहोरहरूलाई सिधै सिन्कको पानी बग्ने ठाउँबाट बगाउनु हुँदैन। यस्तो गरेमा पानी जाने ठाउँ जाम भई, पानी नबग्ने हुन्छ र पानी चुहावट हुने वा दुर्गन्ध आउने जस्ता समस्याहरू निम्त्याउँछ।



### ○ बाथरुम (सावर) तथा शौचालय

बाथरुम, सजिलै ढुसी आदि आउन सक्ने ठाउँ हुनाले राम्रोसँग हावाको आवतजावत हुने गरी ध्यान दिई, सधैँ सफा गरिराखौं। शौचालय पनि सफा गरी, सधैँ सफासँग प्रयोग गरौं। साथै शौचालयमा ट्वाइलेट पेपर बाहेक अन्य कुराहरू बगाउनु हुँदैन। यस्तो गरेमा पानी जाने ठाउँ जाम भई, पानी नबग्ने हुन्छ र ट्वाइलेटको बोओल भरिएर पानी चुहावट हुने वा दुर्गन्ध आउने जस्ता कुराहरू निम्त्याउँछ।

### ○ कोरिडोर तथा भर्याङ (साझा ठाउँहरू)

भाडामा लिएको कोठा बाहेकका कोरिडोर वा भऱ्याङ जस्ता ठाउँहरू सबैले प्रयोग गर्ने **साझा ठाउँहरू** हुन्। यी भुकम्प वा आगलागी जस्ता आपत्कालिन अवस्थाहरूमा सुरक्षित ठाउँमा जानको लागि प्रयोग गरिने बाटो हुनाले, आफ्नो सामान वा फोहोर आदि राख्नु हुँदैन।



नेपाली भाषा

### ◦ बरन्डा



आपत्कालिन अवस्थामा भाग्न वा सुरक्षित ठाउँमा जानको लागि बरन्डा प्रयोग गरिन्छ। तपाईंको बरन्डा र छिमेकीको बरन्डालाई विभाजन गर्न बनाइएको बोर्ड आदिको अगाडि सामान राख्ने नगर्नुहोस्।

### ◦ धूम्रपान

धूम्रपान निषेधित कोठामा बाहेक अन्य कोठाहरूमा धूम्रपान गर्न सकिन्छ तर भित्ता वा सिलिङ आदिमा चुरोटको धुवाको दाग बस्यो भने, क्लिनिङ खर्च छुट्टै तिर्न लगाइने हुनाले ध्यान दिनुहोस्।
साझा ठाउँहरू (कोरिडोर, भऱ्याङ आदि) मा धूम्रपान गर्न पाइँदैन। साथै धूम्रपान गरेपछि सधैं राम्रोसँग आगो निभाउनुहोस्।

### ◦ पार्किङ र साइकल राख्ने ठाउँ

सवारी साधनको लागि अनिवार्य रूपमा पार्किङ भाडामा लिनुपर्छ। बाटोमा पार्किङ गर्नु हुँदैन। प्रायः जस्तो पार्किङको शुल्क तिर्नुपर्छ। खाली छ भन्दैमा आफूले भाडामा नलिएको पार्किङमा आफ्नो सवारी साधन पार्किङ गर्नु हुँदैन।
साथै मोटरसाइकल र साइकललाई, साइकल राख्ने ठाउँ जस्ता तोकिएको ठाउँमा लाइनमा मिलाएर राख्नुहोस्।

## ④ जानकारी नगराइकन आफ्नै निर्णयले साथी आदिसँग सँगै बसोबास गर्नु हुँदैन

भाडामा लिएको कोठामा जानकारी नगराइकन आफ्नै निर्णयले साथी आदिसँग सँगै बसोबास गर्नु पाइँदैन। कुनै कुनै सम्झौतामा “निषेध” गरिएको हुन्छ। सुरुमा व्यवस्थापकसँग सल्लाह गर्नुहोस्।

## ⑤ पेट (कुकुर, बिरालो आदि) बारे

जनावरको प्रकारमा पनि भर पर्छ तर सामान्यतयाः पेट (कुकुर, बिरालो आदि) पाल्न निषेध गरिएको हुने हुनाले, व्यवस्थापकसँग निश्चय गर्नुहोस्। पाल्न सकिने भए पनि, प्रायः जनावरको प्रकार, साइज, साझा ठाउँहरूमा हिँडाउँदाखेरिको नियमहरू जस्ता कुराहरू तोकिएको हुने हुनाले ध्यान दिनुहोस्।

## ⑥ वरपरका मान्छेहरूसँग समस्या भएको खण्डमा गर्ने कुराहरू

वरपरका मान्छेको कोठाबाट ठूलो आवाज आउने आदि अप्ठ्यारो परेको अवस्थामा व्यवस्थापकसँग सल्लाह गर्नुहोस्। साथै समस्या भएको बेला, सिधै त्यो मान्छेसँग कुरा नगर्नुहोस्। व्यवस्थापकलाई सम्पर्क गरी समाधान गर्न लगाउनुहोस्।

## ⑦ लामो अवधि कोठामा नहुने बेला गर्ने प्रक्रिया

केही समयको लागि आफ्नो देश फर्कने जस्ता लामो अवधि कोठामा नहुने बेला, जानु अगाडि व्यवस्थापकलाई सम्पर्क गर्नुहोस्। सम्पर्क नगरीकन लामो अवधिको लागि कतै गएमा, केही भइहालेको खण्डमा ठूलो समस्या हुन्छ।

## ⑧ सम्झौता गरेको अवधि पूरा नभइकन कोठा सर्न चाहेमा

फरक ठाउँमा सर्नको लागि अहिले बसोबास गरिरहेको कोठाको भाडा सम्झौता समाप्त गर्न चाहेमा, पहिले नै (सामान्यतयाः “१ महिना अगाडिसम्ममा” भनेर तोकिएको हुन्छ) व्यवस्थापकलाई सम्पर्क गरी, आवश्यक प्रक्रिया गर्नुहोस्।

# 5 सम्झौता समाप्त हुने बेला


## सम्झौता समाप्त हुने बेला ध्यान दिने कुराहरू

निम्न कुराहरू कोठा भाडा सम्झौता समाप्त हुने बेला विशेष ध्यान दिनु पर्दछ। सम्झौतापत्रमा लेखिएको विवरण निश्चय गरी, नबुझ्ने कुरा भएमा पहिले नै व्यवस्थापकलाई सोधौं।
साथै निस्केर जाने समय तोकेपछि, अनिवार्य रूपमा व्यवस्थापकलाई सम्पर्क गर्नुहोस्।

### ① कोठा खाली गरी छोड्ने बेला (भित्रका कुराहरू निश्चय गर्ने र सुरुमा जस्तो थियो त्यस्तै बनाउने)



आफूले किनेको फर्निचर, घरायसी विद्युतीय सामानहरू आदि कोठामा छोड्न पाइँदैन। सर्ने ठाउँमा लिएर जाने वा नष्ट प्रक्रिया नगरीकन हुँदैन। कोठा खाली गरी छोड्ने बेला, व्यवस्थापकसँग कोठाको अवस्था निश्चय गर्नुहोस्। क्षति भएको ठाउँ वा फोहोर ठाउँ आदि हेरी, त्यसको कारण आदि भन्नुहोस्।
साथै कोठा खाली गरी फिर्ता गर्ने बेला, **सुरुमा जस्तो थियो त्यस्तै नबनाइकन** हुँदैन। सुरुमा जस्तो थियो त्यस्तै बनाउने कार्य घरधनीले गर्ने हुनाले, तपाईंले त्यसको खर्च भुक्तानी गर्नुपर्छ। सामान्यतयाः डिपोजिटबाट त्यो खर्च कटौती गरिन्छ। डिपोजिटले नपुगेको खण्डमा, थप रकम भुक्तानी गर्नुपर्छ। सुरुमा जस्तो थियो त्यस्तै बनाउनेबारे नबुझेको कुरा भएमा, व्यवस्थापकलाई सोध्नुहोस्।



### ②सम्झौता नवीकरण गर्ने बेला

सम्झौता अवधि समाप्त भएपछि पनि निरन्तर त्यही कोठामा बसोबास गर्न चाहेको खण्डमा, सम्झौता **नवीकरण** गर्नुहोस्। सामान्यतयाः व्यवस्थापकद्वारा नवीकरणको जानकारी गराइने हुनाले, त्यो बेला आवश्यक प्रक्रिया निश्चय गर्नुहोस्। सम्झौता नवीकरणको बेला भुक्तानी गर्ने रकम, (यसलाई "नवीकरण शुल्क" भनिन्छ) तोकिएको भएमा, त्यो रकम भुक्तानी गर्नुहोस्।
याद रहोस्, कोठा भाडा सम्झौतामा नवीकरण गर्न नसकिने "**निर्धारित अवधिको कोठा भाडा सम्झौता**" नामक सम्झौता हुन्छ। निर्धारित अवधिको कोठा भाडा सम्झौतामा, निरन्तर त्यही कोठामा बसोबास गर्न चाहेको खण्डमा, पुनः सम्झौता गर्नुपर्छ।

### ③बिजुली, ग्यास र धाराको सम्झौता रद्द गर्ने

कोठा सर्ने १ हप्ता अगाडि, बिद्युत कम्पनी, ग्यास कम्पनी र शहर, वडा, टोल वा गाउँ आदिको धारा विभागमा सम्पर्क गरेर रद्द प्रक्रिया गर्नुहोस्। शुल्क हिसाब गर्दा, रद्द गरेको दिनसम्मको हिसाब गरिन्छ।

### ④फोन र इन्टरनेटको प्रक्रिया

फोनको लागि सम्झौता गरेको फोन कम्पनीलाई र इन्टरनेटको लागि सम्झौता गरेको प्रोभाइडरलाई, सर्ने ठेगानामा स्थानान्तरण आदिको लागि सम्पर्क गर्नुहोस्।

### ⑤कोठा खाली गरी छोड्ने र साँचो फिर्ता गर्ने

कोठा खाली गरी छोड्ने बेला, साँचो फिर्ता गर्नुहोस्।

# 6 आपत्कालिन तथा विपद्को बेलाको लागि तयारी

## भुकम्प

### ① विपद् रोकथाम नक्शा र सुरक्षित ठाउँमा जाने बाटोको जानकारी लिने

■तपाईं बसोबास गर्ने ठाउँको टोल विकास समितिले बनाएको जानकारीमूलक पुस्तिका, विपद् रोकथाम नक्शा आदि लिई, बसोबास क्षेत्रबाट सबैभन्दा नजिकको सुरक्षित ठाउँ थाहा पाइराखौं।

■सुरक्षित ठाउँमा जानको लागि बाटोको नक्सा (सुरक्षित ठाउँमा जाने बाटोको जानकारी) आदि टोल विकास समितिले बनाएको हुन सक्ने हुनाले, लिइ राख्नु जरुरी हुन्छ।

### ② आपत्कालिन अवस्थाको लागि तयारी गरेर राख्ने



■दुबै हात प्रयोग गर्न सकिने, ढाडमा बोक्ने झोला (ब्याकप्याक) मा आवश्यक सामान हाली, जुन सुकै बेला लिएर निस्कन सक्ने गरी तयार गरेर राखौं।

**आपत्कालिन अवस्थामा लिएर जाने सामानहरूको उदाहरण**

[आपत्कालिन अवस्थामा लिएर जाने झोलाको वजन, पुरुषको लागि लगभग १५kg वा सो भन्दा कम, महिलाको लागि लगभग १०kg वा सो भन्दा कम]

- पिउने पानी
- आपत्कालिन अवस्थामा खाने खानेकुरा
- मूल्यवान् सामानहरू (बैंकको पासबुक, स्ट्याम्प (इन्खान), नगद, स्वास्थ्य बीमा कार्ड, पासपोर्ट, बसोबास कार्ड (रेसिडेन्स कार्ड आदि))
- प्राथमिक उपचारका सामाग्री र औषधिहरू
- हेल्मेट वा विपद् रोकथामको लागि बनाइएको टाउको र मुख छोप्ने टोपी
- मास्क
- पन्जा
- टर्च लाइट
- बाहिरी र भित्री लुगाहरू
- कम्बल र टावल
- पानीबाट बचाउने सामाग्रीहरू (जाडोबाट बचाउने काम पनि गर्ने प्रकारको)
- पोर्टेबल रेडियो र जगडा ब्याट्री
- मोबाइल फोनको चार्जर
- एक पटक प्रयोग गरेर फाल्ने हिटिङप्याड (खाइरो)
- सलाई वा लाइटर
- टिस्यु र वेट टिस्यु
- मुख, शरीर आदिको सरसफाइको लागि चाहिने सामानहरू
- पोर्टेबल शौचालय
- परिवार, नातेदार र साथीको सम्पर्क

### ③ भुकम्प आयो भने

ठूलो कम्पन महसुस भएको बेला, केही पनि विचार नगरीकन बाहिर निस्कनु खतरा हुन्छ। स्थिति हेरेर निर्णय गरौं।
सर्वप्रथम, आफू सुरक्षित हुनु पर्छ। बलियो डेस्क वा टेबुल आदि मुनि छिरी, माथिबाट खस्ने सामान आदिबाट टाउको जोगाउनुहोस्।
हल्लिन रोकिएपछि, ग्यास स्टोभ जस्ता आगो बल्न सक्ने ठाउँहरू निश्चय गरौं।
टि. भि., रेडियो, इन्टरनेट आदिमा विपद् जानकारी हेरी, नआत्तिइकन सुरक्षाका उपायहरू अपनाउनु जरुरी हुन्छ।



## ④ विपद्को बेला सुरक्षा निश्चय गर्ने र जानकारी सङ्कलन गर्ने

विपद्को बेला लाइन व्यस्त भई, फोनमा सम्पर्क हुन गाह्रो हुन्छ। विपद् अगाडि नै आफू र परिवार आदि सुरक्षित भए नभएको निश्चय गर्ने तरिका आदिबारे विचार गरिराखौं।




### • विपद्को बेला सन्देश छोड्ने/सुन्ने डायल

तपाईंले फोन नम्बर "१७१" मा फोन गरेर सन्देश रेकर्ड गर्न सक्नुहुन्छ। तपाईंको फोन नम्बर थाहा भएको परिवार आदिले तपाईंले छोडेको सन्देश सुन्न सक्छन् (जापान भित्र मात्र)।

### • विपद्को बेला सन्देश छोड्ने/प्राप्त गर्ने बोर्ड

तपाईंले मोबाइल फोन र PHS बाट इन्टरनेट प्रयोग गरेर सन्देश लेखेर छोड्न सक्नुहुन्छ। तपाईंको फोन नम्बर थाहा भएको परिवार आदिले तपाईंले लेखेको सन्देश हेर्न सक्छन्।

### • अन्य

विपद्को बेला धेरै मान्छेहरूले सामाजिक सञ्जाल सेवा (SNS) लाई जानकारी आदान-प्रदानको माध्यमको रूपमा उपयोग गर्छन्। साथै स्मार्ट फोन वा मोबाइल फोनको वानसेग सुविधा प्रयोग गरी टि. भि. हेरी, जानकारी लिन पनि सकिन्छ। तपाईं बसोबास गर्ने क्षेत्रमा उपलब्ध सेवा निश्चय गरिराखौं।

नेपाली भाषा


## आगलागी



तुरुन्तै राम्रोसँग पानीले भिजाएको कम्बल वा टावलले छोप्नुहोस्। त्यति गर्दा पनि आगो ननिभेमा, आगलागी विभाग (फोन नम्बर ११९) मा सम्पर्क गरी तुरुन्तै त्यस ठाउँबाट टाढा भाग्नुहोस्। भाग्दाखेरि वरपरका छिमेकीले सुन्ने गरी ठूलो स्वरले आगलागी भएको कुरा भन्नुहोस्।
साथै ढोका र झ्याल बन्द गरेमा ठूलो क्षति हुनबाट रोक्न सकिन्छ।

## बत्ती जाने

बत्ती गएमा आफ्नो कोठामा मात्र गएको हो कि, वरिपरिको घरहरूमा पनि गएको छ, निश्चय गर्नुहोस्। आफ्नो कोठामा मात्र गएको खण्डमा, ब्रेकर वा "अर्थ लिकेज सर्किट ब्रेकर" बन्द भएको छ कि, बन्द भएको खण्डमा, प्रयोग गरिरहेको विद्युतीय उपकरणहरूको प्लग निश्चय गर्नुहोस्। थुतेर ब्रेकर अन गर्नुहोस्। फेरी ब्रेकर बन्द भएमा लिकेज भएको सम्भावना हुने हुनाले, व्यवस्थापकलाई सम्पर्क गर्नुहोस्।




## ग्यास चुहावट

ग्यासको गन्ध आएमा, झ्याल र ढोका खोलेर हावाको आवतजावत हुने वातावरण बनाई, ग्यासको मेन भल्भ बन्द गर्नुहोस्। विस्फोट हुन नदिन आगो निस्कने चीजहरू प्रयोग नगर्नुहोस्। भेन्टिलेसन फ्यान र बत्ती पनि नबालीकन ग्यास कम्पनीमा सम्पर्क गर्नुहोस्।
समय-समयमा ग्यासको मेन भल्भ ठीकसँग खोलिने र बन्द हुने हुन्छ वा हुँदैन र ग्यासको रबरको पाइप पुरानो भएको छ वा छैन, निश्चय गर्ने गरौं। ग्यासको उपकरणहरूमा असामान्यता देखिएमा, तुरुन्तै ग्यास कम्पनीमा सम्पर्क गर्नुहोस्।

### ग्यास बन्द भएमा

ग्यास चुहावटले गर्दा होइन तर भुकम्प जस्ता ठूलो कम्पनको कारण ग्यास उपकरण नबल्ने (प्रयोग गर्न नसकिने) हुन सक्छ।
बाहिर, मूलद्वारको छेउमा वा साझा कोरिडोरको मिटर बक्स भित्र हुने ग्यास मिटरको रिसेट बटन थिच्यो भने पुनः प्रयोग गर्न सकिने हुन सक्छ।





## पानी चुहावट

तुरुन्तै पानी बन्द गरी, पोखिएको पानी पुछौं। भुइँ मुनिसम्म पानी गएको खण्डमा, तुरुन्तै तल्लो तल्लामा बस्ने मान्छेलाई सम्पर्क गर्नुहोस्। सामान्यतयाः लुगा धुने मेसिनको पानी जाने ठाउँको समस्या वा झ्याल लगाउन बिर्सेर आकाशबाट आएको पानी कोठामा छिरेर पानी चुहावट हुने गर्छ। नियमित रूपमा लुगा धुने ठाउँको पानी जाने ठाउँबाट कुनै पनि समस्या बिना पानी बगेको छ वा छैन, निश्चय गरौं।

## धाराको पाइपको पानी बरफ भएर पाइप फुट्ने

जाडो ठाउँमा, जाडो महिनामा धाराको पानीको पाइप भित्रको पानी बरफ भई, पाइप फुट्न सक्छ। त्यस्तो हुनु अगाडि नै त्यस्तो हुनबाट रोक्ने उपायहरू व्यवस्थापकसँग सल्लाह गर्नुहोस्।




## साँचो हराउनु

साँचो हराएमा, तपाईंको कोठाको सामानहरू चोरिने खतरा हुन्छ।
साँचो हराएमा, तुरुन्तै व्यवस्थापकलाई सम्पर्क गरी सल्लाह गर्नुहोस्। स्थिति अनुसार अपनाउने उपायहरू फरक हुन्छन् तर पसल खुला भएमा जगडा साँचो प्रयोग गर्न दिने वा लक परिवर्तन गर्ने आदि गर्न सकिन्छ।

## चोरी

कोठामा नभएको बेला चोरी भएमा, तुरुन्तै प्रहरी (फोन नम्बर ११०) लाई रिपोर्ट गरौं। बैंकको पासबुक, कार्ड आदि चोरी भएमा, तुरुन्तै वित्तीय संस्थामा सम्पर्क गरी, सो पासबुक र कार्डको प्रयोग रोक्ने प्रक्रिया गर्नुहोस्।
बाहिर निस्कँदाखेरि झ्याल, ढोका राम्रोसँग लगाउनु पर्छ। केही मिनेटको लागि मात्र निस्कने बेलामा पनि सधैं लक गरेर निस्कने गरौं।

# ● रियल स्टेट एजेन्टमा प्रयोग गरिने शब्दहरूको व्याख्या

### ① रियल स्टेट एजेन्ट (फुदोउसान-तेन)

घर जस्ता रियल स्टेटको विशेषज्ञ पसल हो, जसले घर/कोठा भाडा सम्झौता जस्ता सेवाहरू प्रदान गर्ने स्वीकृति पाएको हुन्छ। आधिकारिक रूपमा "रियल स्टेट कारोबार कम्पनी" भनिन्छ। ढुकुरको मार्क भएको रियल स्टेट एजेन्टहरू, रियल स्टेट संघ र राष्ट्रिय रियल स्टेट कारोबार ग्यारेन्टी संघको सदस्य (सम्पूर्ण रियल स्टेट एजेन्टको लगभग ८०% सहभागी) हुन्।

### ② कोठा भाडा (याचिन)

कोठा भाडामा लिनको लागि हरेक महिना घरधनीलाई भुक्तानी गर्ने पैसा। सामान्यतयाः जापानमा कोठा भाडा मासिक रूपमा, महिनाको अगाडि नै भुक्तानी गर्ने गरिन्छ।

### ③ साझा सेवा शुल्क (क्योएकिही) वा व्यवस्थापन शुल्क (खान्रिही)

कोठा भाडा बाहेक, भवनको मूलद्वार, भऱ्याङ, कोरिडोर जस्ता अन्य कोठा भाडामा लिने व्यक्तिहरूले पनि प्रयोग गर्ने ठाउँको व्यवस्थापनमा खर्च गरिने पैसा। सामान्यतयाः मासिक रूपमा कोठा भाडासँगै भुक्तानी गरिन्छ।

### ④ डिपोजिट (सिकिकिन)

कोठा भाडामा लिने व्यक्तिले कोठा भाडा आदि भुक्तानी गर्न नसकेको बेलाको लागि घरधनीले लिएर राख्ने पैसा। सम्झौता समाप्त भएको बेला डिपोजिट फिर्ता आउँछ तर कोठा भाडामा लिने व्यक्तिले कोठा भाडा आदि भुक्तानी नगरेको बेलाको रकम घटाइन्छ। साथै कुनै कुनै सम्झौतामा, डिपोजिटबाट पूर्वनिर्धारित रकम घटाएर फिर्ता दिने भनेर तोकिएको हुन सक्छ।

### ⑤ कि-मनी (रेइकिन)

सम्झौतापत्रमा तोकिए अनुसार, सम्झौता गर्ने बेला डिपोजिट बाहेकको घरधनीलाई भुक्तानी गर्ने पैसा। यो डिपोजिट जस्तो गरी सम्झौता समाप्त भएको बेला फिर्ता आउँदैन।

### ⑥ संयुक्त ग्यारेन्टर (रेन्ताइ होस्योनिन)

कोठा भाडामा लिने व्यक्तिले कोठा भाडा आदि भुक्तानी नगरेको बेला, कोठा भाडामा लिने व्यक्तिको सट्टामा घरधनीलाई भुक्तानी गर्ने व्यक्ति। संयुक्त ग्यारेन्टरले कोठा भाडा आदि भुक्तानी गरेको बेला, कोठा भाडामा लिने व्यक्तिले संयुक्त ग्यारेन्टरलाई सो रकम फिर्ता नगरी हुँदैन। कोठा भाडामा लिने व्यक्तिले भुक्तानी गरेन भने संयुक्त ग्यारेन्टरलाई दुःख हुन्छ।

### ⑦ कोठा भाडा ऋण ग्यारेन्टी प्रणाली (याचिन साइमु होस्यो सेइदो)

कोठा भाडामा लिने व्यक्तिले, कोठा भाडा आदि भुक्तानी नगरेको बेला, कोठा भाडा भुक्तानी गर्ने कम्पनीले, कोठा भाडामा लिने व्यक्तिको सट्टामा घरधनीलाई भुक्तानी गर्छ। कोठा भाडा सम्झौता गर्ने बेला, कोठा भाडा ऋण ग्यारेन्टी प्रणालीको सेवा दिने कम्पनीसँग पनि ग्यारेन्टीको लागि सम्झौता गरिन्छ र ग्यारेन्टी शुल्क भुक्तानी गरिन्छ। भुक्तानी नगरिएको कोठा भाडा आदि, त्यो कम्पनीले भुक्तानी गरेको बेला, कोठा भाडामा लिने व्यक्तिले, सो रकम त्यो कम्पनीलाई फिर्ता नगरी हुँदैन।

### ⑧ महत्त्वपूर्ण विषयहरूको व्याख्या (ज्यूयो जिको सेचुमेइ)

रियल स्टेट एजेन्टको सम्झौता गर्ने विशेषज्ञ व्यक्ति (आधिकारिक नाम "रियल स्टेट प्रमाणीकरण गर्ने अधिकारी" भनिन्छ) ले कोठा भाडामा लिने व्यक्तिलाई सम्झौताको एक प्रति दिई, कोठाको अवस्था, सम्झौताको सर्तहरू आदिबारे बुझाउने कार्य।

### ⑨ बसोबासको लागि जानकारीपत्र (न्युक्योनो सिओरी)

भाडामा लिएको कोठा र कोठामा भएका सामानहरू प्रयोग गर्ने तरिका आदि लेखिएको कागजात। यो सम्झौतापत्र भन्दा फरक कागजात हो जुन सम्झौता गर्ने बेला प्रायः जस्तो व्यवस्थापकले दिन्छन्।

### ⑩ साझा ठाउँहरू (क्योयो बुबुन)

बसोबास गर्ने सबैले प्रयोग गर्ने मूलद्वार, कोरिडोर, भऱ्याङ, लिफ्ट आदि।

### ⑪ सुरुमा जस्तो थियो त्यस्तै बनाउने (गेन्ज्यो खाइफुकु)

सम्झौता समाप्त भएपछि, कोठाबाट निस्कने बेला, जानाजान वा ध्यान नपुगेर हुन गएको क्षति वा फोहोर आदि सफा गरी, सम्झौतामा तोकिए अनुसार मर्मत आदि गर्ने कार्य।

### ⑫ नवीकरण (कोसिन)

सम्झौताको अवधि समाप्त भएपछि, नयाँ सम्झौता गर्ने प्रक्रिया नभएर, तोकिएको प्रक्रिया अनुसार त्यही कोठा भाडा सम्झौतालाई निरन्तरता दिने कार्य।

### ⑬ निर्धारित अवधिको कोठा भाडा सम्झौता (तेइकि स्याकुया खेइयाकु)

सम्झौताको अवधि समाप्त भएपछि समाप्त हुने (नवीकरण गर्न नसकिने) सम्झौता। कोठा भाडामा लिने व्यक्ति निरन्तर त्यही कोठा भाडामा लिन चाहेको खण्डमा नयाँ सम्झौता गर्नुपर्छ।

# ●अन्य उपयोगी जानकारी आदि

① अन्तर्राष्ट्रियकरणको लागि स्थानीय निकायको संघ http://www.clair.or.jp/tagengo/

**〔विभिन्न भाषामा दैनिक जीवन सम्बन्धी जानकारी होमपेज〕**

जापानी, अंग्रेजी, जर्मनी, चाइनिज, कोरियन र उत्तर कोरियन, फ्रेन्च, स्पेनिश, पोर्तुगाली, तागालग, भियतनामिज, इन्डोनेसियन, थाइ, रसियन र सजिलो जापानी भाषामा कोठा खोज्ने बेला आवश्यक जानकारी राखिएको छ।

② जापान अन्तर्राष्ट्रिय शैक्षिक सहयोग संघ http://www.jees.or.jp/crifs/index.htm

**〔विदेशी विद्यार्थीहरूको लागि समग्र आवास बीमा प्रणाली〕**

यस प्रणालीमा विद्यालय संयुक्त ग्यारेन्टर भएको खण्डमा, सो विद्यालय र विदेशी विद्यार्थीलाई सहयोग गरिन्छ।
फोन: ०३-५४५४-५२७५ (Tel: 03-5454-5475)

## तपाईंको दैनिक जीवनमा उपयोगी हुने नोटबुक

### ● आपत्कालिन सम्पर्क

| सम्पर्क व्यक्तिको नाम | | फोन नम्बर |
|---|---|---|
| व्यवस्थापन कम्पनी (व्यवस्थापक) | | |
| धारा | | |
| ग्यास | | |
| बिजुली | | |
| सरकारी कार्यालय | | |
| अस्पताल | | |
| बैंक | | |

### ● परिवार, नातेदार, साथी आदिको सम्पर्क

| नाम | काम गर्ने ठाउँ र विद्यालय | फोन नम्बर |
|---|---|---|
| | | |
| | | |
| | | |

### ● क्षेत्रीय सुरक्षित ठाउँ